प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## गण्डकी प्रदेश

पोखरा, नेपाल

शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(दोश्रो पटक सूचना प्रकाशित मिति २०७७।१०।२८)

यस मन्त्रालयको लागि आवश्यक मसलन्द तथा कार्यालय सामाग्रीहरु शिलवन्दी दरभाउपत्र माग गरी आपुर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक आपुर्तिकर्ता फर्म/संस्था/कम्पनीहरुले दरभाउपत्र फाराममा उल्लेखित सर्तहरुको अधिनमा रही यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्ममा कार्यालय समय भित्र रु. १,०००।– (अक्षरुपी एक हजार रुपैयाँमात्र, फिर्ता नहुने) तिरी दरभाउपत्र फारम खरिद गरी १६ औं दिन दिनको २:०० वजे भित्र शिलवन्दी दरभाउपत्र फाराम यस मन्त्रालयको (जिन्सी) शाखामा दर्ता गराई सक्नुहुन अनुरोध छ । दर्ता हुन आएका शिलवन्दी दरभाउपत्र फारामहरु सोही दिन दिनको ३:०० वजे यस मन्त्रालयमा खोलिने छ । यस सूचनाको विस्तृत विवरण यस मन्त्रालयको वेवसाइट www.moitfe.gandaki.gov.np मा राखिएको छ र मन्त्रालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । यस सम्बन्धमा अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयको जिन्सी शाखामा आई वा फोन नं. ०६१-५९०३०४, ०६१-५९०३०५, ०६१-५९०३०६ मा सम्पर्क गर्न सकिने छ ।

**मसलन्द तथा अन्य कार्यालय सामानहरु खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्रदाताले पालन गर्नुपर्ने शर्तहरु**

1 शिलबन्दी दरभाउपत्र फाराम बुझाउन इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजत पत्र, वा व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०७७ साल आषाढ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर विवरणको प्रतिलिपिका साथ फाराम खरिदको आवेदन सहित यस मन्त्रालयको लेखा शाखामा रु. १०००/- (एक हजार) फिर्ता नहुने गरी बुझाएको सक्कल रसिद संलग्न गरी यस मन्त्रालयको जिन्सी शाखाबाट शिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

2 शिलबन्दी दरभाउपत्र साथ राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस मन्त्रालयको कार्यालय कोड ३०७००३९०१४ र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखराको धरौटी खाता नं. ३०२०५०२०००००० मा बिड बण्ड वापत रु. २८,६००।– (अक्षरुपी अठ्ठाईस हजार छ सय रुपैयाँ मात्र) रकम जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस मन्त्रालयको नाममा कुनै वाणिज्य बैंकले जारी गरेको शिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तीमा ९० दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ ।

3 शिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नु पर्ने भएमा सो समेत गरेको व्यवसाय दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०७७ साल असार सम्मको कर चुक्ता भएको प्रमाण पत्र वा कर बुझाएको प्रमाण, म्याद थप भएकोमा सो को प्रमाण लगायत अन्य सम्बन्धित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिको साथै दरभाउपत्र सम्बन्धी सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था, वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

4 कुनै फर्म, संस्था वा कम्पनिको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनिको नाममा पेश गर्न पाइने छैन ।

5 दरभाउपत्र फाराम बुझाउँदा शिलबन्दी गरी खाम बाहिर "मसलन्द तथा अन्य कार्यालय सामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा" भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २.०० बजेसम्ममा यस मन्त्रालयमा दर्ता गराई सक्नु पर्नेछ ।

6 तोकिएको मिति र समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको ३:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा मन्त्रालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ ।

7 दरभाउपत्र फाराममा उल्लेख गरिएको प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ । उल्लेखित रकममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

8 शिलवन्दी दरभाउपत्र फाराममा दरभाउपत्र दिनेको सहीछाप नभएको, लेख्नु पर्ने विवरण छुटेको, प्रष्ट नभएको, म्याद नाघी आएको, रित नपुगेको, प्रत्येक आइटमको दर उल्लेख नगरेको, शर्त राखी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन वा खरिद प्रक्रियामा समावेश गराइने छैन ।

9 दरभाउपत्र फाराममा उल्लेखित सामानहरु मन्त्रालयको आवश्यकता अनुसार घटी वा वढी एकै पटक वा पटक पटक गरी खरिद गर्न सकिनेछ ।

10 प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

11 स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र नियमानुसार हुने जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस मन्त्रालयको कार्यालय कोड ३०७००३९०१४ र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखराको धरौटी खाता नं. ३०२०५०२०००००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस मन्त्रालयको नाममा जारी गरेको (कम्तीमा एक वर्ष अवधिको) कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेन्टी) पेश गर्नुपर्नेछ ।

12 दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाता फर्म/संस्था/कम्पनीको छाप र सही गरेको हुनुपर्नेछ ।

13 दरभाउपत्रमा उल्लेख भएका कुनै आइटम मात्र (आंशिक स्वीकृत) वा पुरै स्वीकृत गर्ने अधिकार यस मन्त्रालयमा रहनेछ ।

14 शिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

15 शिलवन्दी दरभाउपत्रको मुल्याङ्कन न्युन लागत विधि बमोजिम हुनेछ ।

16 प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने कर, शुल्क महशूल वा अन्य यस्तै भुक्तानी गर्नु पर्ने सबै दायित्व स्वीकृत दरभाउपत्रदाताको हुनेछ । प्रचलित ऐन, नियम अनुसार अग्रिम रुपमा कट्टी गर्नु पर्ने करहरु भुक्तानी गर्ने समयमा कट्टा गरिनेछ ।

17 दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम र करारनामा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

18 यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमअनुसार हुनेछ ।